प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
(उच्च शिक्षा महाशाखा)
बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.:

**विज्ञान विषयको स्नातकोत्तर तथा व्यवस्थापन (BBA, BCA) र प्राविधिक विषयको स्नातक तहको कक्षा सञ्चालनका लागि आशय पत्र पेश गर्ने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति २०७७।०५।२४

प्रस्तुत विषयमा यस मन्त्रालयको आर्थिक वर्ष ०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस मन्त्रालयसँगको सहकार्यमा विज्ञान विषयमा स्नातकोत्तर र इन्जिनियरिङ विषयमा स्नातक तहका कक्षा सञ्चालन गर्नका लागि इच्छुक प्रदेश नं. ५ भित्रका विश्वविद्यालय, आङ्गिक क्याम्पस र सामुदायिक क्याम्पसलाई सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तपसिलको विवरण सहित यस मन्त्रालयमा आशय पत्र पेश गर्नका लागि मिति २०७७।०५।२३ को निर्णय (मा.मन्त्रीस्तरीय) अनुसार यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

१. विश्वविद्यालय/क्याम्पसको संक्षिप्त परिचय।
२. हाल कार्यरत प्राध्यापनसँग सम्बन्धित र अन्य जनशक्तिको विवरण।
३. भवन, कक्षाकोठा, जग्गा, ल्याव र पुस्तकालयको विवरण।
४. हाल सञ्चालनमा रहेका कार्यक्रमहरुको विवरण।
५. हाल अध्ययनरत विद्यार्थीहरुको तह र विषय खुल्ने संख्यात्मक विवरण।
६. उक्त विषय र तहको कक्षा सञ्चालनको आवश्यकता र औचित्यको पुष्ट्याइँ।
७. यस सूचनामा उल्लेख भए अनुसारको सञ्चालन गर्न चाहने सम्बन्धित विषय र तहको कक्षाको अनुमति/स्वीकृति सम्बन्धित विश्वविद्यालयबाट प्राप्त गर्न सक्ने व्यहोराको प्रतिबद्धता पत्र।

(विष्णु प्रसाद पन्थी)
शाखा अधिकृत